# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०२।२१ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला ललितपुर, गोदावरी नगरपालिकामा क्रसर, खानी तथा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, वेस, चिप्स) आदिमा सरकारी दररेट भन्दा कम मात्र कर जम्मा गरी वार्षिक करोड राजस्व हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा गोदावरी नगरपालिकाले आर्थिक वर्ष २०७६/०७७ मा खानीजन्य/नदीजन्य साधारण निर्माणमुखी खनिज पदार्थ(ढुङ्गा, गिट्टी, रोडा, बालुवा लगायत) को बोलपत्र आह्वान गरी ठेक्का सम्झौता गर्दा नेपालको संविधान, संघीय ऐन, बागमती प्रदेश(तत्कालीन प्रदेश नं.३) ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ समेतको प्रचलित कानूनलाई बेवास्ता गरी/गराई आवश्यक प्रमाण सङ्कलन नगरी बागमती प्रदेश(तत्कालीन प्रदेश नं.३) को आर्थिक ऐन, २०७६ को दफा ९ ले निर्धारण गरेको राजस्व दर प्रति घनफिट रु.९।- भन्दा घटी प्रति घनफिट रु.२.२५।- मात्र राजस्व दर निर्धारण गरी/गराई ढुङ्गा, गिट्टी, रोडा, बालुवा, ग्राभेल र माटोको निकासी शुल्क रु.९ प्रति घनफिटको सट्टा रु.२.२५ प्रति घनफिट असुल गर्दा गराउँदा रु.६.७५ प्रति घनफिट रकमको प्रत्यक्ष लाभ प्रतिवादीहरु, खानी उद्योग तथा क्रसर व्यवसायीहरुलाई पुगेको देखिंदा नेपाल सरकारले प्राप्त गर्ने मूल्य अभिवृद्धि कर(VAT), बागमती प्रदेश(तत्कालीन प्रदेश नं.३) सरकारको राजस्व हिस्सा ४० प्रतिशत र गोदावरी नगरपालिकाले प्राप्त गर्ने ६० प्रतिशत हिस्सासमेत गरी आर्थिक वर्ष २०७६/०७७ मा ढुङ्गा, गिट्टी, ग्रावेल, रोडा, बालुवा, माटो, खरिढुङ्गाको निकासी करको ठेक्का नं.१५ internal resources/०७५/०७६ ठेक्का सम्झौता गर्दा संघीय सरकार, बागमती प्रदेश(तत्कालीन प्रदेश नं.३) सरकार र गोदावरी नगरपालिकालाई रु.२१,२१,९७,०५०।- राजस्व चुहावट गरी भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुरजन्य कार्य गरे/गराएको पुष्टि भएको हुँदा उल्लिखित कसुरमा संलग्न देहायका प्रतिवादी उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय: (आ.ब.२०७६/०७७)**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | गोदावरी नगरपालिकाका तत्कालीन नगरप्रमुख गजेन्द्र महर्जन | रु.२१,२१,९७,०५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ख) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकमको दोब्बर जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २. | गोदावरी नगरपालिकाका तत्कालीन नगर उपप्रमुख मुना अधिकारी | रु.२१,२१,९७,०५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ख) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकमको दोब्बर जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| ३. | गोदावरी नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद जैसी | रु.२१,२१,९७,०५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ख) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकमको दोब्बर जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | गोदावरी नगरपालिकाका तत्कालीन राजस्व शाखा प्रमुख तथा राजस्व परामर्श समिति सदस्य सचिव श्रीराम आचार्य | रु.२१,२१,९७,०५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ख) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकमको दोब्बर जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ५. | माली निर्माण सेवा र सोको सञ्चालक प्रकाश माली | रु.२१,२१,९७,०५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ख) बमोजिमको लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम हुने सजाय र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकमको दोब्बर जरिवाना हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांस बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ६. | निराकार ढुङ्गा रोडा उद्योग प्रा.लि. र सो को सञ्चालक मधुसुदन डोटेल, मछिन्द्रनाथ मल्टीप्रपोज प्रा.लि. सो को सञ्चालक केदार नाथ तिमल्सेना, सजिलो रोडा ढुङ्गा उद्योग प्रा.लि. र सो को सञ्चालक शशिराज शाही, वीरेन्द्र महर्जन ढुङ्गा उद्योग प्रा.लि. र सो को सञ्चालक वीरेन्द्र महर्जन | रु.२१,२१,९७,०५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ख) बमोजिमको लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम हुने सजाय र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकमको दोब्बर जरिवाना हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांस बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता

देवी प्रसाद थपलिया